# पूर्वीचौकी गाउँपालिका ,डोटी

## स्थानीय राजपत्र

भाग : २

खण्ड : ७ संख्या : ०६ मिति : २०८१/०४/०१

# लैङ्गिक समानता तथा सामाजिक समावेशी मुल प्रवाहीकरण रणनीति, २०८०

प्रमाणितकरण मिति : २०८०/०९/०५

## १.पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवद्र्धन गर्दैवर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिकविभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

नेपालको संविधानको धारा १८ ले पनि समानता र कानुनको समान संरक्षणको सुनिश्चितता गरेको छ जसमा मौलिक हकको रुपमा महिलकाको हक, दलितको हकलाई समेत स्विकार गरेको छ भने धारा ४२को सामाजिक न्यायको हक अन्तरगत आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका लैगिंक तथा यौनिक अल्पसंख्यक नागरिकलाई सामानुपातिक समावेशीकरणको सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यान्वयनमा छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका स्थानीय तहको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत, विषयक्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानुनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ ।

तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ ले विभेद रहित, समृद्ध र न्यायपुर्ण समाजको स्थापनाका लागि सवै वर्ग, जातजाति, लिंग तथा क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित सामाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न सवै तह, क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ने उद्देश्य लिएको छ । साथै उक्त नीतिले स्थानीय तहसम्म सामाजिक समावेशीकरण नीति कार्यान्वयन सम्बन्धी समितिको व्यवस्था समेत गरेको छ ।

यस सन्दर्भमा पुर्वीचौकी गाउँपालिकाले आफ्ना नीति, कार्यक्रम, संरचना र काम कारवाहीलाई लैङ्गिकमैत्री तथा समावेशी गाउँपालिकाबनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई गाउँपालिकावाट गठन तथा सञ्चालन हुने समिति संरचनामा समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध गर्ने वातावरण निर्माण गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण



CamScanner

पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले पुर्वीचौकीगाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण नीति, २०७९ तर्जुमा गरिएको छ ।

## २. गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारले देशलाई नया संरचनामा परिवर्तन गरिसके पश्चात साविकको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र हालको सुदुरपश्चिम प्रदेश अन्तरगत डोटी जिल्लामा ९ वटा स्थानीय तहहरु रहेका छन, त्यी मध्ये पूर्वीचौकी गाउँपालिका सुदुरपश्चिम प्रदेश अन्तरगतको डोटी जिल्लाको सदमुकाम देखि करिव ३० कि.मि. पुर्वी भागमा अवस्थित छ। पूर्वीचौकी गाउँपालिका नेपालको पुरानो संरचना अनुसार साविकका खिरसैन, बगलेक, गैरागाउ, सानागाउ, काडामाण्डौ,गाँजरी र पोखरीका गा.वि.स. हरुलाई समायोजन गरी वनेको गाउँपालिका हो । यो गाउँपालिकाको २०७८ को जनगणना अनुसार जम्मा ४०९५ घर संख्या, ५३०५ परिवार संख्या, गरी २१४९४ कुल जनसंख्या रहेको छ । जसमध्ये १२२५६पुरुपको संख्या रहेको छ भने ८९३८ महिलाको संख्या रहेको छ । भौगोलिक हिसावले पूर्वीचौकी गाउँपालिको कूल क्षेत्रफल ११७.६५ वर्ग कि.मी. रहेको छ । कुल ७ वटा वडा रहेको यस गाउँपालिकाको पुर्वमा अछाम जिल्ला, पश्चिममा दिपायल सिलगढी नगरपालिका, उत्तरमा सायल गाउंपालिका, दक्षिणमा सेती नदी र केआइसिं गाउँपालिका रहेको छ । यस क्षेत्रमा विभिन्न जातजाती अन्तरगत ब्राह्मण, क्षेत्री/ठकुरी,जनजाती र दलितहरुको वसोवास रहेको छ र यी अधिकांस सवै वर्गका मानिसहरुको मुख्य पेशा कृषि रहेको छ ।

## ३. विगतका व्यवस्था प्रयास र वर्तमान स्थिति

यस पूर्वीचौकी गाउँपालिकाले विगत ५ वर्षदेखि लै.स.सा.स.को दृश्टिकोणवाट पालिकाले प्राप्त गरेका विभिन्न खाले अनुदानहरू कार्यान्वयन गर्दा लक्षित वर्गहरूलाई पहिलो प्रर्थमिकतामा राखेर कार्यहरू गर्दै आएको छ । त्यसका साथ साथै गाउँपालिका अन्तरगत रहेका विभिन्न विषयगत शाखावाट संचालन हुने कार्यक्रमहरू पनि गरिव विपन्न तथा सिमान्तकृत समुदाय उन्मुख रहेका छन । गाउँपालिका अन्तरगत रहेको महिला बालबालिका शाखाले संघीय र प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदानहरू सहित गाउपालिकाबाट स्वीकृत कार्यक्रम एव बिनियोजित बजेटबाट महिलाहरूको उघमशिलता तथा क्षमता विकासमा लगानि गरी उनीहरूको आयआर्जनमा सुधार गर्ने गरी विभिन्न कार्यक्रमहरू संचालनमा ल्याएको छ ।

## ४. लैससास सम्वन्धमा देखिएको प्रमुख सवाल तथा मुद्दाहरू

## ४.१ लैससास सम्वन्धमा देखिएको प्रमुख सवाल तथा मुद्दाहरू नक्साकंन

- लैगिक हिंसा र घरेलु हिंसा कम हुन नसक्नु ।
- लक्षित वर्गको सहभागितामा पनि पहुचवालाले मात्र कार्यक्रममा सहभागिता हुनु ।
- बिघमान कानुनी अबस्थाको बारेमा लक्षित बर्गलाई ज्ञान नहुनु ।
- कानुनमा ब्यबस्था हुंदाहुंदै पनि छाउपडी, बालबिवाह,विदेशजाने परिपाटी जस्ता कुरिती समाजमा जरो गाडीरहेकै अबस्था रहनु ।

- बाल विवाह र वहुविवाह ।
- बाल श्रम ।
- लागु पदार्थ सेवन र दुर्व्येसनी ।
- गरिवी अशिक्षा र वेरोजगारी ।
- चेतनाको अभाव ।

४.२पूर्वीचौकी गाउपालिकाका लैससासकासवालएवंमुद्दाहरुकोप्राथमिकिकरण

- बलविवाह वहुविवाह बालश्रम (हानिकारक परम्परागत अभ्यास जस्तै छाउपडी लैगिंक विभेद) ।
- लैगिंक हिंसा र घरेलु हिंसा ।
- योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता नहुनु ।
- सिमान्तकृत वर्ग पूर्ण रुपमा लाभान्वित हुन नसक्नु ।
- समिति एवं संरचनाहरुमा लै.स.सा.स.मैत्री व्यवहार न्युन रहनु ।
- पालिकाको कानुनी व्यवस्था वारे जनप्रतितिनिधिहरुलाई ज्ञानको कमी ।



CamScanner

## ५. लैससास कार्यान्वयनका लागि पुर्वीचौकी गाउँपालिकाका सरोकारवालाहरु



## ६.लैससास सम्वन्धमा देखिएको प्रमुख समस्या,चुनौती अवसर (SWOT Analysis)

पूर्वीचौकी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु, अवसरहरूर चुनौतीहरू पहिचान तथा विश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समावेश गरिएको छ । त्यसैगरी लै.स.सा.स क्षेत्रमा यस गाउँपालिकाले अवलम्वन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामाना गर्न यस रणनैतिक योजनाले निर्देशित गरेको छ ।

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| • नीति तथा कार्यविधि (अपागंता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि)<br>• एकल महिला तथा कोभिड प्रभावित महिलाहरुका लागि महिला उत्थान कार्यक्रम संचालन<br>• लक्षित वर्गहरुको लागि वजेट विनियोजन ( महिला, दलित, अपागंता भएका व्यक्ति र वालवालिका)<br>• वार्षिक नीति कार्यक्रममा लै.स.सा.स सम्वन्धी छुट्टै शिर्षकमा वजेट तथा क्रियाकलापहरु<br>• विभिन्न विषयगत समितिहरु गठन | • योजना तर्जुमा प्रक्रियाको लागि लक्षितवर्गको अर्थपुर्ण सहभागिता गराउनु पर्ने<br>• योजना तर्जुमा समितिमा लक्षित वर्गको सहभागिता गराउनु पर्ने<br>• नीति अनुरुप वजेट तथा कार्यक्रमको तालमेल मिलाउनु पर्ने ।<br>• कार्यपालिकाले प्रार्थमिकता गरे अनुरुप कार्यक्रम संचालन गरिनु पर्ने ।<br>• लै.स.सा.स संग सम्वन्धित भौतिक संरचना निर्माण गरिनु पर्ने ( स्तनपान कक्ष, अपागंता मैत्री शौचालय वाटो )<br>• भौतिक पुर्वाधार संगै सामाजिक विकासमा जोड दिइनु पर्ने<br>• सामाजिक विकास समितको सक्रियता वढाउनु पर्ने |
| **अवसर** | **चुनौती तथा वाधा** |
| • लै.स.सा.स संग काम गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुको सहयोग ।<br>• लैगिंक हिंसा राहात कोष स्थापना गर्नका लागि संघीय सरकारको सहयोग<br>• आवश्यकताका आधारमा निति, नियम, कानून,। कार्यविधि, रणनीति वनाउन सक्ने सम्वैधानिक व्यवस्था<br>• विभिन्न संघ संस्थाहरुले लक्षित वर्गका लागि सहयोग पुग्ने कार्यक्रम संचालनमा ल्याउनु | • भौतिक विकासको दाँजोमा सामाजिक विकास( निति, नियम, कानून,। कार्यविधि, रणनीति )कम प्राथामिकता<br>• नीतिगत विकासका कामहरु लाभान्वित वर्गको प्रायमिकतामा नपर्नु<br>• नव निर्वाचित जनप्रतिनिधिहरुलाई नीति ऐन सम्वन्धी ज्ञानका कमीका कारण नीति कार्यान्वयनमा कठिनाइ ।<br>• पालिकाको आन्तरिक श्रोत कम हुनुका कारण संघ र पदेश सरकारमा आश्रित हुनु । |



CamScanner

## ७.गाउँपालिकाको लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

गाउँपालिका अन्तरगतका लक्षित वर्ग तथा समूदाय (महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक,अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती) तथा, पछाडी पारेका वा बहिष्करणमा परेका समुदायका व्यक्तिहरुको स्थानीयतहको सेवा प्रवाह नीति तथा कार्यक्रमहरुमा अर्थपूर्ण सहभागिता गराउने ।

## ८.दिर्घकालीन सोचः

"समतामूलक, समावेशी र समृद्ध समाजको निर्माण"

## ९.लक्ष्यः

लैगिंक तथा सामाजिक उत्तरदायी संस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समृद्ध समाजको निर्माण गर्ने

## १०.उद्देश्यहरु :

- पालिकाको निर्माण हुन नीति तथा कानुनहरु लै.स.सा.स.उत्तरदायी वनाउनु ।
- पालिकाकाका हरेक भौतिक संरचनाहरु लै.स.सा.स. मैत्री वनाउनु।
- लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा गर्नु ।

## ११ लैससास नीतिका अपेक्षीत उपलब्धिहरु

- पूर्वीचौकी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भएको हुने ।
- रणनीतिको आधारमा गाउँपालिकाले आफ्नो बार्षिक कार्ययोजना लैससास सम्बधी बजेट बिनियोजन गर्नेछन
- लैससास मूल प्रवाहिकरण सम्बन्धी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला प्रतिनिधिहरू अभिमुखिकरण भएको हुने छन्।
- लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयनका लागि बार्षिक बजेट विनियोजन भई बार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने ।
- स्थानीय सरकारको संस्थागत संरचना, शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरूमा महिला तथा पछाडि परेका वर्ग समुदायहरूको सक्रिय तथा अर्थपूर्ण सहभागिता वृद्धि भई लैङ्गिक तथा सामाजिक अन्तर, विभेद र बहिष्करणको अन्त्य भएको हुने ।



CamScanner

## १२.गाउँपालिकाको लैससास रणनीतिमा व्यबस्था गरिएको प्रमुख नीति रणनितितथा कार्यनीति:

| बिषय क्षेत्र | उद्देश्य | नीति | रणनिति | कार्यनीति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | • पालिकाको निर्माण हुन नीति तथा कानुनहरु लै.स.सा.स.उत्तरदायी वनाउनु । | • लै.स.सा.स.लाई संस्थागत गर्ने | • विद्यमान नीतिहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप नीति निर्माण र संशोधन | • वजेटको व्यवस्थापन<br>• समावेशी कार्यदल गठन परिचालन<br>• नीति पुनरावलोकन गोष्ठि आयोजना गर्ने<br>• नीतिको मस्यौदा तयार गरी कार्यपालिकामा पेशरअनुमोदन |
| संस्थागत व्यवस्था | • पालिकाकाका हरेक भौतिक संरचनाहरु लै.स.सा.स. मैत्री वनाउनु। | • महिला मैत्री, अपाङ्गता मैत्री भौतिक संरचना निर्माण हुने<br>• संगठनात्मक संरचनाहरु लै.स.सा.स.मैत्री हुने | • विद्यमान संरचनाहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप संरचना निर्माण<br>• लै.स.सा.स.मैत्री संरचना निर्माण सम्वन्धी आचार संहिता | • भौतिक परीक्षण गर्ने<br>• आवस्यकताका आधारमा निश्चित मापदण्ड पुरा गरी संरचना निर्माण गर्ने<br>• प्राविधिकहरु तथा अनुगमन सुपरिवेक्षण समितिलाई लै.स.सा.स. र भवन निर्माण संहिता सम्वन्धी तालिम संचालन गर्ने । |
| मानव संसाधन तथा क्षमता विकास | • लै.स.सा.स. सम्वन्धी पालिकास्तरीय र समुदाय स्तरीय क्षमता विकासको येजना निर्माण गर्ने | • पालिकामा क्षमतावान दक्षजनशक्तिको व्यवस्थापन गर्ने | • विद्यमान समिति तथा शाखाहरुलाई लै.स.सा.स.को आखावाट पुनरावलोकन<br>• आवस्यकताअनुसारसमितितथाशाखाहरु मा पुनरावलोकन | • विद्यमान समिति तथा विभागहरुलाई लै.स.सा.स. सम्वन्धी लेखाजोखा गर्ने<br>• लै.स.सा.स. सम्वन्धी क्षमता विकास तालिम संचालन गर्ने ।<br>• विभिन्न उपभोक्ता समितिहरुलाई समावेशी वनाउने र उनीहरुको क्षमता विकास गर्ने । |
| सेवा प्रवाह | • लक्षित वर्गको पहिचान गरी मागमा आधारित नीति तथा कार्यक्रम संचालनमा ल्याउने | • पालिका भित्र वा समुदाय स्तरमा विभेद रहित लै.स.सा.स. सेवा प्रवाह गर्ने । | • महिला मैत्री, अपाङ्गता मैत्री भौतिक संरचना निर्माण हुने<br>• संगठनात्मक संरचनाहरु लै.स.सा.स.मैत्री हुने । | • विद्यमान संरचनाहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप संरचना निर्माण<br>• लै.स.सा.स.मैत्री संरचना निर्माण सम्वन्धी आचार संहिता |

| | | | | |
|---|---|---|---|---|
| सुशासन तथा उत्तरदायित्व | • लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि वनाउने | • समितितथाशाखा एब इकाइहरुलाइलै.स.सा.स.मैत्रीवना उने | • विद्यमान समिति तथा शाखाहरुलाई लै.स.सा.स.को आखावाट पुनरावलोकन<br>• आवस्यकताअनुसारसमितितथाशाखारहरु पुनरगठन गर्ने | • विद्यमान समिति तथा शाखाहरुमा लै.स.सा.स. सम्वन्धी लेखाजोखा गर्ने<br>• लै.स.सा.स. सम्वन्धी क्षमता विकास तालिम संचालन गर्ने ।<br>• विभिन्न उपभोक्ता समितिहरुलाई समावेशी वनाउने र उनीहरुको क्षमता विकास गर्ने । |
| सहकार्य र समवान्य | • स्थानीय सरकारले निर्माण गर्ने नीति तथा कानुनहरू एक अर्कामा नवाझिने गरी निर्माण गरिने । | • लै.स.सा.स. नीतिमा राखिएका वुदाहरू सम्वोधन हुने | • लै.स.सा.स. नीति कार्यान्वयन गर्दा संघ र प्रदेशका कानुनहरूको पनि पुनरावलोकन गरी कार्यान्वयन गर्ने । | • लै.स.सा.स विकासका लागि विभिन्न सरोकारवाला निकायहरू बीच कार्यगत संयन्त्र निर्माण गर्ने<br>• लै.स.सा.स. कार्यान्वयनका लागि जनप्रतिनिधिहरूलाई अनुशिक्षण कार्यक्रम आयोजना |
| अनुगमनरमुल्याकन | • स्थानीय तहबाट संचालित कार्यक्रमतथापरियोजनाबाटसबैल क्षित वर्ग तथासमुदायलेलाभ लिन सहज वनाउने । | • लक्षि वर्गकालागि लक्षित कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने। | • स्थानीय तहबाट संचालित कार्यक्रमतथापरियोजनाबाटसबैलक्षित वर्गको प्रत्यक्ष लाभ लिनेव्यवस्था मिलाउने । | • लक्षित वर्ग उन्मुख कार्यक्रमहरू उनीहरूको सहभागितामा निर्माण गर्ने ।<br>• लै.स.सा.स. मैत्री क्रियाकलापहरू संचालनका क्रममा सरोकारवालाहरूको अवस्यक सुझाव सल्लाहहरू लिने |

## १३.नीति कार्यान्वयनमा आउने सम्भावित जोखिम न्यनीकरण

| क.सं. | सम्भावित जोखिम | जोखिम न्युनिकरणका उपायहरू |
|---|---|---|
| १ | स्थानीय तहले वजेट विनियोजनको सुनिश्चितता नहुन सक्ने | वाह्य श्रोतको खोजी गरी जिम्मेवारी वाडफाड गर्ने |
| २ | लै.स.सा.स. समितिको कानुनी वैधता | कार्यपालिका वाट निर्णय गरी लै.स.सा.स. समितिलाइ वैधता दिने । |
| ३ | लै.स.सा.स. सिमान्तकृत वर्गको खण्डिकृत तथ्याङ्कोअभिलेखिकरण तथा अद्यावधिक हुन नसक्नु | योजना तर्जुमा तथा अनुगमन पद्धतिलाई तथ्याङ्कमा आधारित वनाउने र पालिकाको प्रोफायलमा सम्वन्धित तथ्याङ्क अद्यावधि गर्ने |
| ४ | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमिकतामा नपर्नु । | निर्वाचित जनप्रतिनिधिहरुलाई लै.स.सा.स. नीतिको वारेमा अभिमुखीकरण गरी नीति कार्यान्वयन गर्ने । |

## १४.अपेक्षीत उपलब्धीः

- लक्षित वर्गलाइ गाउँपालिकाको हरेक निति तथा कार्यक्रममा सक्रिय सहभागिता रहेको हुनेछ ।
- पालिकाको वार्षिक वजेट लै.स.सा.स. उन्मुख विनियोजन भएको हुनेछ ।
- लै.स.सा.स. मैत्री कार्यक्रहरू कार्यान्वयनमा सम्पूर्ण लक्षित वर्ग सहभागितालाइ गराएको हुनेछ ।
- पूर्वीचौकी पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भएको हुनेछ ।
- लैससास मूलप्रवाहिकरण सम्बन्धी जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला प्रतिनिधिहरू अभिमुखिकरण भएको हुनेछ।
- स्थानीय सरकारको संस्थागत संरचना, शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरूमा महिला तथा पछाडि परेका वर्ग समुदायहरूको सक्रिय तथा अर्थपूर्ण सहभागिता वृद्धि भई लैङ्गिक तथा सामाजिक अन्तर, विभेद र बहिष्करणक अन्त्य भएको हुनेछ ।



CamScanner

## १५. गाउँपिलकाको लै.स.सा.स. कार्यान्वयनका लागि कार्ययोजना

| लैससास नीति कार्यनिवयन को लागि कार्ययोजना कार्यनीति कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक श्रोतको परिचालन | समय सिमा |
|---|---|---|---|---|
| कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहारआचार संहिता(नियन्त्रण) आचार संहिता लागु गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १ महिना भित्र |
| बालबालिका, जेष्ठ नागरिक र आदि सुशासननीतिको नमुना नीति/अभिमुखीकरण विकास गर्ने/ग्रहण गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैसस वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ३ महिना भित्र |
| लक्षित बर्गलाई योजना तथा सहभागिताको महत्व को बारेमा अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| पालिका स्तरमा बाल स्याहार केन्द्र निमार्ण | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थांहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १२ महिना भित्र |
| गाउँपालिकास्तरमा स्तनपन कक्षको व्यवस्था गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १२ महिना भित्र |
| स्कुल भवन अस्पताल वनाउंदा महिला, अपाङ्ग मैत्री वनाउने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत | संघ र प्रदेश सरकारको | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | | गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | |
| सामुहिक सुरक्षित छाउपडी भवनको निर्माण गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| लैङ्गिक सम्पर्क व्यक्तिलाई हरेक योजना तर्जुमा गर्दा अनिवार्य रूपमा निर्णयक भूमिकामा राख्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| सामुहिक खानेपानीको ब्यबस्था को लागि बजेट बिनियोजन गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | प्रत्येक वर्षको येजना तर्जुमा प्रक्रियाको वेला |
| बिपन्न र दलित बर्गका छोरीहरुलाई पोशाक र कपि कलमकोलागि बजेट बिनियोजन गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | प्रत्येक वर्षको येजना तर्जुमा प्रक्रियाको वेला |
| स्थानीय श्रोत साधनको पहिचान गरि महिलाहरुलाई उद्यमी उत्पादन गर्ने तालिमको ब्यबस्था गर्ने<br>पुर्बाधारका काम गर्दा महिलालाई प्रथामिकता दिने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |



CamScanner

## १६.लैससास कार्यान्वयन समिति

गाउँपालिकास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।

| | |
|---|---|
| १) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) सामाजिक शविकास समिति संयोजक | सदस्य |
| ५) पालिकास्तरीय लक्षित समूह सञ्जालबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित २ जना प्रतिनिधी | सदस्य |
| ६) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य सचिव |

आज्ञाले

पितानाथ लुइटेल

प्रमुख प्रशासकीय अधिकृत